प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# प्रदेश स्वास्थ्य नीति २०७८

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मितिः २०७८।११।२९

## प्रदेश सरकार

## सुदूरपश्चिम प्रदेश

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# विषयसूची

१. पृष्ठभूमि : ........ 3
२. विद्यमान स्थिति : ........ 3
३. समस्या, अवसर र चुनौती : ........ 4
   ३.१ समस्या ........ 4
   ३.२ अवसर : ........ 4
   ३.३ चुनौती : ........ 4
४. औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य : ........ 4
   ४.१ औचित्य : ........ 4
   ४.२ निर्देशक सिद्धान्त : ........ 5
   ४.३ भावी सोच : ........ 5
   ४.४ ध्येय : ........ 5
   ४.५ लक्ष्य : ........ 5
   ४.६ उद्देश्य : ........ 5
५. नीति : ........ 6
६. नीति तथा रणनीति : ........ 7
७. संस्थागत विकास तथा व्यवस्थापन : ........ 14
८. वित्तीय स्रोत : ........ 15
९. अनुगमन तथा मुल्याङ्कन : ........ 15
१०. जोखिम : ........ 16
११. नीति कार्यान्वयन र परिमार्जन : ........ 16

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## १. पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरिसकेको अवस्थामा संविधानप्रदत्त स्वास्थ्य अधिकार र दायित्वलाई सुनिश्चित गर्ने जिम्मेवारी प्रदेश र स्थानीय तहको पनि हो । विगतमा स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिहरुलाई कायम राख्दै उपलब्ध स्रोत र साधनको पहिचान र प्रभावकारी उपयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गरी स्वास्थ्यमा नागरिकको सहज पहुँच स्थापित गर्न प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहेकोले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश स्वास्थ्य नीति २०७८ तर्जुमा गरी जारी गरेको छ ।

## २. विद्यमान स्थिति

नेपाल मानव विकास प्रतिवेदन २०२० अनुसार सुदूरपश्चिम प्रदेशको मानव विकास सूचकाङ्क ०.५४७ रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिबेदन अनुसार यस प्रदेशको कूल जनसंख्या २७,११,२७० मध्ये पुरुषको संख्या १२,८७,९९७ र महिलाको संख्या १४,२३,२७३ रहेको छ । साक्षरता दर ६३.५ प्रतिशत रहेकोमा सो मध्ये महिलाको साक्षरता दर ५१.९ प्रतिशत र पुरुषको साक्षरता दर ७६.४ प्रतिशत रहेको छ । यस प्रदेशको महत्वपूर्ण स्वास्थ्य सूचकहरुको अवस्था यसप्रकार रहेको छ :

| क्र.स. | सूचक | वर्तमान अवस्था |
|---|---|---|
| १. | नागरिकको औसत आयु | ६८.६ बर्ष |
| २. | कूल प्रजनन दर | २.३ |
| ३. | प्रतिहजार किशोरी महिलाहरुमध्ये बच्चा जन्माउने दर | ६५.१ |
| ४. | प्रतिहजार जीवित जन्ममा ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर | ६९ |
| ५. | प्रतिहजार जीवित जन्ममा शिशु मृत्युदर | २८.८ |
| ६. | प्रतिहजार जीवित जन्ममा नवजात शिशु मृत्युदर | ४१ |
| ७. | संस्थागत प्रसूती दर | ६९% |
| ८. | परिवार नियोजनका साधन प्रयोग दर | ३९.५% |
| ९. | पाँचवर्ष मनिका बालबालिकामा पुड्कोपना | ३५.९% |
| १०. | पाँचवर्ष मुनिका बालबालिकामा ख्याउटेपन | ९.३% |
| ११. | पाँचवर्ष मुनिका बालबालिकामा कम तौल | २८.१% |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## ३. समस्या, अवसर र चुनौती

### ३.१ समस्या

३.१.१ भौतिक पूर्वाधार, दक्ष जनशक्ति र औषधि लगायतका स्वास्थ्य सामग्रीहरुको लागि श्रोत न्यून हुनु,

३.१.२ मातृ, नवजात शिशु तथा पाँचवर्ष मुनिका बालबालिकाको मृत्युदर, महिला तथा बालबालिकाहरुमा कुपोषण, किशोरावस्थामै बच्चा जन्माउने र असुरक्षित गर्भपतन दर उच्च रहनु,

३.१.३ क्षयरोग, मलेरिया र एचआईभी संक्रमण दर तथा सिकल सेल एनेमिया, सडक दुर्घटना, मानसिक रोग लगायतका नसर्ने रोगहरुको उच्च प्रकोप रहनु,

३.१.४ सूचकमा आधारित योजना तर्जुमा प्रणालीको संस्थागत विकास हुन नसक्नु ।

### ३.२ अवसर

३.२.१ संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा स्थापित तीनै तहको अधिकार सूची विस्तृतीकरणमा स्पष्ट रुपमा स्वास्थ्य सम्बन्धी प्रदेश र स्थानीय तहको अधिकार निर्धारण भएको,

३.२.२ स्वास्थ्य क्षेत्रमा उच्च राजनैतिक प्रतिबद्धता रहेको,

३.२.३ स्थानीयस्तरमा उपलब्ध पोषणयुक्त खाद्य उत्पादन र जडिबुटीहरुको संरक्षण एवं सम्बर्द्धन गरी प्रतिरोधात्मक र उपचारात्मक सेवामा उपयोग गर्न सकिने अवस्था रहेको,

३.२.४ स्वास्थ्य क्षेत्रमा सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यमा गैर सरकारी, सामुदायिक, सहकारी तथा निजी क्षेत्रलाई समेत समावेश गर्न सकिने वातावरण रहेको,

३.२.५ प्रदेशस्तरमा स्वास्थ्य क्षेत्रको उच्च शिक्षा र जनशक्ति उत्पादनका लागि आवश्यक पूर्वाधारहरु क्रमिक रुपमा विकसित हुँदै गएको ।

### ३.३ चुनौती

३.३.१ स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको आधारभूत स्वास्थ्य तथा सरसफाईसँग सम्बन्धित कार्य क्षेत्राधिकार कार्यान्वयन गर्न पर्याप्त क्षमता र स्रोत साधनको कमी हुनु,

३.३.२ भौगोलिक विकटताका कारण स्वास्थ्य सेवा प्रवाह र पहुँच नहुनु,

३.३.३ अशिक्षा, गरिबी, बालविवाह तथा घरेलु हिंसा लगायतका सामाजिक कुप्रथा कायम रहनु,

३.३.४ जलवायु परिवर्तन, वायु प्रदूषण र बढ्दो शहरीकरणले स्वास्थ्यमा असर पुरयाउनु,

३.३.५ खुला सिमानाका कारण भित्रिने कीटजन्य रोग तथा महामारीको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु,

३.३.६ पर्याप्त स्रोत र लगानीको सुनिश्चित गर्न नसक्नु ।

## ४. औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य

### ४.१ औचित्य

संविधानतः प्राप्त अधिकार क्षेत्र, संघीय नीति तथा कार्यक्रम, आवधिक योजना, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धता, स्वास्थ्य क्षेत्रको अवस्था, समस्या र चुनौती समेत विश्लेषण गरी प्रदेशको स्वास्थ्य प्राथमिकता तय गरिएको छ । प्रदेशभित्र स्वास्थ्य क्षेत्रको सम्पूर्ण रणनीति र कार्ययोजनालाई दिशानिर्देश

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

गर्न, नागरिकको स्वास्थ्यप्रति प्रदेश सरकारको राजनैतिक प्रतिबद्धतालाई प्रदेश स्वास्थ्य नीतिको दस्ताबेजमार्फत सार्वजनिक गर्न, गुणस्तरीय, प्रभावकारी र विश्वसनीय स्वास्थ्य सेवामा प्रत्येक नागरिकको पहुँचलाई सुनिश्चित गरिएको छ ।

## ४.२ निर्देशक सिद्धान्त

प्रदेश स्वास्थ्य नीतिका निर्देशक सिद्धान्त देहाय बमोजिम रहेका छन :-

४.२.१ समतामूलक र गुणस्तरीय स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच,
४.२.२ सामाजिक स्वास्थ्य सुरक्षा र स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि,
४.२.३ निजी, गैरसरकारी तथा अन्तर सरकारी सहकार्य, समन्वय र साझेदारी,
४.२.४ स्वास्थ्य क्षेत्रमा सुशासन, जवाफदेहीता र जनसहभागिता,
४.२.५ सीमान्तकृत र पहुँच नपुगेका समुदायका लागि विशेष स्वास्थ्य सेवा, र
४.२.६ स्वास्थ्य सेवा विस्तार र सुदृढीकरण ।

## ४.३ भावी सोच

समृद्ध सुदूरपश्चिमका लागि स्वस्थ नागरिक ।

## ४.४ ध्येय

स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्दै प्रदेशका नागरिकको स्वस्थ रहन पाउने मौलिक हकको सुनिश्चितता गर्ने

## ४.५ लक्ष्य

सामाजिक न्याय एवं जवाफदेहीतामा आधारित स्वास्थ्य प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

## ४.६ उद्देश्य :

४.६.१ प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवाको थप विस्तार गर्दै क्रमिक रूपमा स्वास्थ्यमा सर्वव्यापी पहुँचलाई हासिल गर्न,

४.६.२ स्वास्थ्यमा समाजिक न्याय र समानताको अवधारणा सुनिश्चित गर्दै सीमान्तकृत र पहुँच नपुगेका समुदायमा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न,

४.६.३ सबै तहमा प्रत्येक नागरिकले सहज रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्नेगरी औषधि, उपकरण र दक्ष स्वास्थ्यकर्मी सहितको प्रविधिमैत्री स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्न,

४.६.४ सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिको सुदृढीकरण गर्दै निजी, सामुदायिक, सहकारी, गैर सरकारी क्षेत्रको सहकार्य सहित स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी व्यक्तिगत व्ययभार कम गर्न,

४.६.५ स्वास्थ्य सेवालाई जनउत्तरदायी बनाउन सुशासन, जवाफदेहीता र जिम्मेवारीपन कायम गर्न,

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

४.६.६ स्वास्थ्यमा विपद र महामारीबाट पर्न सक्ने असर न्यूनीकरण गर्न स्वास्थ्य क्षेत्रको संस्थागत क्षमता विकास गर्न ।

## ५. नीति

५.१ स्वास्थ्यमा सबैको पहुँचको अवधारणालाई साकार पार्न स्वास्थ्य सेवा प्रणालीको विस्तार र सुदृढीकरण गर्दै समतामूलक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।

५.२ मौलिक चिकित्सा पद्धतिको रुपमा रहेको आयूर्वेद र वैकल्पिक चिकित्सा लगायतका स्वास्थ्य पद्धतिको संरक्षण, प्रवर्द्धन तथा विकास र विस्तार गरिनेछ ।

५.३ स्वास्थ्य क्षेत्रमा आवश्यक पूर्वाधार, औषधि लगायतका स्वास्थ्य सामग्रीहरुको निरन्तर उपलब्धता सुनिश्चित गरी आपूर्ति व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

५.४ जनसंख्या, भूगोल र स्वास्थ्य समस्या अनुसार स्वास्थ्य जनशक्तिको उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन गरिनेछ।

५.५ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न तथ्यमा आधारित योजना तर्जुमा गरी एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप सुदृढ बनाई नतिजामुखी स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।

५.६ स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

५.७ स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी, गैर सरकारी र गैर स्वास्थ्य क्षेत्रको साझेदारी र सहकार्यलाई अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विस्तार गरिनेछ।

५.८ बाल स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरणका साथै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गरिनेछ ।

५.९ स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादन, प्रवर्द्धन, पहुँच र प्रयोगमा अभिवृद्धि गरी गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरिनेछ।

५.१० नसर्ने रोग न्यूनीकरण तथा नियन्त्रणका लागि स्वस्थ जीवनशैली प्रवर्द्धन गर्दै आवश्यक स्वास्थ्य सेवाको विकास र विस्तार गरिनेछ।

५.११ संक्रामक, कीटजन्य र जुनोटिक रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।

५.१२ स्वास्थ्य क्षेत्रमा देखा पर्ने आपतकालीन अवस्था, विपद र महामारीको प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।

५.१३ प्रभावकारी स्वास्थ्य शिक्षा र संचारको माध्यमबाट गलत सामाजिक अभ्यासलाई न्यूनीकरण गरी नागरिकहरुको स्वस्थ आनिबानी र अभ्यासको प्रवर्द्धन गर्न उपयुक्त वातावरणको सुनिश्चितता गरिनेछ।

५.१४ अव्यवस्थित बसाई सराई, शहरीकरण तथा प्रतिकूल वातावरणबाट मानव स्वास्थ्यमा पर्ने असरको व्यवस्थापन गरिनेछ।

५.१५ प्रदेशको अर्थतन्त्रलाई योगदान पुग्नेगरी स्वास्थ्य पर्यटनको विकास र प्रवर्द्धन गरिनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## ६. <u>रणनीति</u>

**<u>नीति ५.१ संग सम्बन्धित:</u> स्वास्थ्यमा सबैको पहुँचको अवधारणालाई साकार पार्न स्वास्थ्य सेवा प्रणालीको विस्तार र सुदृढीकरण गर्दै समतामूलक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।**

५.१.१ समुदायस्तरमा घुम्ती टोल क्लिनिक, वडास्तरमा जनसंख्याको आधारमा एकीकृत स्वास्थ्य सेवा केन्द्र, स्थानीयस्तरमा प्राथमिक अस्पताल तथा प्रदेशस्तरमा जनरल र विशेषज्ञ अस्पताल रहनेछ । विशिष्टीकृत सेवाको लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।

५.१.२ प्रदेशभित्रका अस्पतालमा टेलिमेडिसिन, जेरियाट्रिक सेवा, फिजियोथेरापी, मुख स्वास्थ्य, मानसिक स्वास्थ्य तथा आँखाको प्राथमिक स्वास्थ्य लगायतका सेवाको प्रावधान राखिनेछ ।

५.१.३ विशिष्टीकृत सेवामा सहज पहुँचका लागि प्रसूति तथा बालरोग, सर्ने तथा नसर्ने रोग, मृगौला रोग र ट्रमा व्यवस्थापन सम्बन्धी अस्पतालको स्थापना तथा संचालन गरिनेछ ।

५.१.४ संघ तथा स्थानीय तहसँग समन्वय गरी उपचारात्मक सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन न्यूनतम सेवा मापदण्ड सुनिश्चित गरी स्वास्थ्य संस्थामा एम्बुलेन्स, एक्स-रे, प्रयोगशाला र फार्मेसी सेवाको विकास तथा विस्तार गरिनेछ ।

५.१.५ आकस्मिक स्वास्थ्य अवस्थामा रहेका नागरिकको शीघ्र स्वास्थ्य उपचारका लागि निश्चित मापदण्ड बनाई हवाई माध्यमबाट उद्धार गर्ने व्यवस्था गरिनेछ ।

५.१.६ प्रदेशभित्र स्वास्थ्य सेवाको सहज पहुँचमा नरहेका नागरिकलाई आवश्यकता अनुसार विशेषज्ञ सेवा सहितको घुम्ती शिविरहरु सञ्चालन गरी सेवा पुर्याईनेछ ।

५.१.७ स्वास्थ्य सेवामा ज्येष्ठ नागरिक, सडक बालबालिका, एकल महिला लगायतका पहुँच कम भएका लक्षित वर्गलाई समुदाय र संस्थागतस्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवा विस्तार गरिनेछ ।

५.१.८ स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई बाल, अपाङ्गता, किशोर किशोरी, जेष्ठ नागरिक लगायत लक्षित समूह मैत्री बनाइनेछ ।

५.१.९ प्रदेशभित्र अपाङ्गता भएका व्यक्तिहरुको पुर्नस्थापनाका लागि सहायक सामग्री र उपकरणहरु उत्पादन र व्यबस्थापन गर्दै सरोकारवालाहरुको समन्वयमा संस्थागत र समुदायमा आधारित पुर्नस्थापना सेवा सञ्चालन गरिनेछ ।

**<u>नीति ५.२ सँग सम्बन्धित:</u> मौलिक चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद र वैकल्पिक चिकित्सा लगायतका स्वास्थ्य पद्धतिको संरक्षण, प्रवर्द्धन तथा विकास र विस्तार गरिनेछ ।**

५.२.१ विद्यमान आयुर्वेद र वैकल्पिक चिकित्सा प्रणालीलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।

५.२.२ स्थानीय तहमा आयुर्वेद र वैकल्पिक चिकित्सा सेवालाई आधुनिक स्वास्थ्य सेवासँग एकीकृत गरी हरेक वडासम्म आयुर्वेद सेवा विस्तार र संघसँग समन्वय गरी प्रदेशस्तरमा आयुर्वेद प्रतिष्ठान स्थापना गरिनेछ।

५.२.३ स्वस्थ जीवनशैली प्रवर्द्धन र नसर्ने एवं दीर्घ रोगको रोकथाम तथा नियन्त्रण गर्न आयुर्वेदका विशिष्टकृत पद्धतिका साथै युनानी, होमियोप्याथि, योग र प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक पद्धतिहरुलाई प्रवर्द्धन गरिनेछ ।

<u>नीति ५.३ सँग सम्बन्धित:</u> **स्वास्थ्य क्षेत्रमा आवश्यक पूर्वाधार, औषधि लगायतका स्वास्थ्य सामग्रीहरुको निरन्तर उपलब्धता सुनिश्चित गरी आपूर्ति व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ ।**

५.३.१ मौजुदा स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार अवस्था विश्लेषण गरी क्रमिक रुपमा स्तरोन्नति गरिनेछ।

५.३.२ प्रदेशभित्रका अस्पतालमा विशेषज्ञ जनशक्ति सहितको शव व्यवस्थापनका लागि आवश्यक पूर्वाधार र शव वाहनको व्यवस्था गरिनेछ ।

५.३.३ एलोप्याथिक र आयुर्वेदिक औषधि तथा जडिबुटीहरुको उत्पादनका लागि गैरसरकारी र निजी क्षेत्रसँग आवश्यक सहकार्य गर्दै गुणस्तर र बजार मूल्य नियन्त्रणका लागि प्रभावकारी नियमनको व्यवस्था गरिनेछ ।

५.३.४ हरेक स्थानीय तहमा मापदण्ड अनुरुपको भण्डारणकक्ष स्थापना गरी खोप, औषधि लगायतका स्वास्थ्य सामग्रीहरुको गुणस्तरीय भण्डारण तथा वितरण पद्धतिलाई थप प्रभावकारी तथा व्यवस्थित बनाइनेछ ।

५.३.५ संघ तथा स्थानीय तहसँगको सहकार्यमा स्वास्थ्य आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

<u>नीति ५.४ सँग सम्बन्धित:</u> **जनसंख्या, भूगोल र स्वास्थ्य समस्या अनुसार स्वास्थ्य जनशक्तिको उत्पादन, वितरण, परिचालन तथा व्यवस्थापन गरिनेछ ।**

५.४.१ गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।

५.४.२ स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको आवश्यकता परिपूर्तिमा सहजता ल्याउन प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिनेछ ।

५.४.३ नर्सिङ्ग जनशक्तिको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय स्वास्थ्यसेवा प्रवाह गर्न प्रोफेसनल मिडवाईफ्री र विशेषज्ञ नर्सिङ्ग जनशक्ति उत्पादन तथा व्यवस्थापन गरी परिचालन गरिनेछ ।

५.४.४ स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवाहरुलाई थप प्रभावकारी बनाउँन एक स्वास्थ्य संस्था, एक स्वास्थ्यकर्मीको रणनीति कार्यान्वयन गरिनेछ ।

५.४.५ स्थानीय तहमा संचालित स्वास्थ्य सेवाको नियमित अनुगमन, निरीक्षण, सहजीकरण तथा आवश्यक प्राविधिक सहयोगको लागि स्थानीय तहमा जनस्वास्थ्य निरीक्षक खटाई प्राविधिक सहजीकरण गरिनेछ।

५.४.६ संघ तथा स्थानीय तहसँगको समन्वयमा सेवाकालिन स्वास्थ्यकर्मीहरुको पेशागत वृत्ति विकास र क्षमता अभिवृद्धिका लागि उच्चशिक्षा अध्ययन एव तालिम सम्बन्धी आवश्यक व्यवस्था गरिनेछ ।

५.४.७ स्वास्थ्य क्षेत्रमा विशेषज्ञ र विशिष्टकृत जनशक्तिको निरन्तर उपलब्धतालाई सुनिश्चित गर्न प्रदेश सरकार मार्फत आवश्यक छात्रवृत्ति, वृत्तिविकास र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५.४.८ महिला स्वास्थ्य स्वयंसेविकाहरुको निस्वार्थ सेवालाई प्रशंसा गर्दै क्षमता अभिवृद्धि सहित थप प्रोत्साहन गरिनेछ ।

५.४.९ डिजिटल प्रविधिको प्रयोग गरी प्रदेशमा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण नियमित रुपमा अद्यावधिक गरिनेछ ।

५.४.१० स्वास्थ्य क्षेत्रमा मिश्रित जनशक्ति उत्पादन र परिचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

**<u>नीति ५.५ सँग सम्बन्धित:</u> स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न तथ्यमा आधारित योजना तर्जुमा गरी एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप सुदृढ बनाई नतिजामुखी स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।**

५.५.१ राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषदको समन्वय र सहकार्यमा प्रदेशमा स्वास्थ्य अनुसन्धान इकाई गठन गरी अध्ययन, अनुसन्धान र सर्वेक्षण गरिनेछ ।

५.५.२ स्थानीय तहसँग समन्वय गरी प्रदेश स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण र प्रविधीमैत्री बनाई थप सुदृढ गरिनेछ ।

५.५.३ स्वास्थ्य सेवालाई समयसापेक्ष बनाउन तथ्यगत योजना तर्जुमा, नियमित अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण प्रणालीमा जोड दिईनेछ ।

५.५.४ अस्पतालहरुमा विद्युतीय मेडिकल अभिलेख तथा प्रतिवेदन प्रणाली लागू गरी विस्तार गरिने छ ।

५.५.५ सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्था र सेवाहरुको सूचीकरण र नक्सांकनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

५.५.६ स्वास्थ्य क्षेत्रमा दोहारोपना हटाउन अन्तर तह सञ्चार र समन्वय गरी वार्षिक स्वास्थ्य कार्यक्रम योजना तर्जुमा प्रणालीको विकास गरिनेछ ।

५.५.७ स्थानीय तहमा प्रभावकारी आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश मातहतका स्वास्थ्य निकायमा आवश्यक प्राविधिक सहजीकरण गरिनेछ ।

५.५.८ स्वास्थ्य सेवामा गुणस्तरीयता एवं जवाफदेहीता बढाउन सामाजिक लेखापरीक्षण लगायतका स्थापित पद्धतिलाई थप सुदृढ गरिनेछ ।

५.५.९ प्रदेश र स्थानीय तहबीच प्रभावकारी स्वास्थ्य सेवा सञ्चालनका लागि सहकार्य र समन्वयको ढाँचा विकास गरिनेछ ।

५.५.१० नतिजामूखी कार्य सम्पादन तथा मुल्याङ्कन प्रणालीको विकास गरी स्वास्थ्यकर्मीलाई काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाइनेछ ।

**<u>नीति ५.६ सँग सम्बन्धित:</u> स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।**

५.६.१ संघ तथा स्थानीय तहको समन्वयमा विपन्न, अपांगता भएका व्यक्ति, लोपोन्मुख र द्वन्द्वपीडित लगायतका नागरिकहरुलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरी स्वास्थ्यबिमा कार्यक्रमलाई प्रदेशभरि लागू गरिनेछ ।

५.६.२ विशेषज्ञ स्वास्थ्य सेवामा विपन्न, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, द्वन्द्वपीडित र असहाय लगायतका नागरिकहरुको सहज पहुँचका लागि स्वास्थ्य उपचार सहायता कोष स्थापना गरी प्रदेशभित्रका सम्पूर्ण सरकारी अस्पतालहरुमा सामाजिक सुरक्षा इकाई स्थापना गरिनेछ ।

५.६.३ श्रमिकहरुको स्वास्थ्य सुरक्षा गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण र रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सेवाको निःशुल्क उपलब्धता र पहुँचमा सुनिश्चितता गरिनेछ ।

५.६.४ सेवा प्रदायक अस्पताल तथा स्वास्थ्य संस्थाको विस्तार, स्तरोन्नति र सेवाको गुणस्तरीयता सुनिश्चित गरी प्रदेशभित्रका सम्पूर्ण जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी, सामुदायिक तथा निजी संघसंस्थामा कार्यरत सम्पूर्ण कर्मचारीलाई अनिवार्य स्वास्थ्य बिमाको पहुँचमा ल्याईनेछ।

**नीति ५.७ सँग सम्बन्धितः स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी, गैर सरकारी र गैर स्वास्थ्य क्षेत्रको साझेदारी र सहकार्यलाई अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विस्तार गरिनेछ ।**

५.७.१ स्वास्थ्य क्षेत्रमा सार्वजनिक निजी साझेदारी सम्बन्धी निर्देशिका बनाई लागू गरिनेछ।

५.७.२ स्वास्थ्य क्षेत्रमा निजी तथा गैर सरकारी क्षेत्रको सामाजिक उत्तरदायित्व बढाई जनस्वास्थ्यमा लगानी वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

५.७.३ स्वास्थ्य क्षेत्रमा रहेका निजी तथा गैरसरकारी संस्थाहरुलाई निश्चित मापदण्ड बनाई अनुमति, सञ्चालन तथा नियमन गरिनेछ ।

५.७.४ सुरक्षा र अन्य सरकारी निकायहरुसँगको समन्वयमा उपलब्ध स्रोत साधनको अधिकतम पहिचान गरी परिचालन गरिनेछ ।

५.७.५ जनस्वास्थ्य क्षेत्रको आधारभूत ज्ञानका लागि विद्यालय तहको पाठयक्रममा आधारभूत स्वास्थ्य शिक्षा विषय क्रमशः राखिनेछ ।

५.७.६ स्थानीय तह र प्रदेशको संयुक्त वित्तीय साझेदारी हुनेगरी स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**नीति ५.८ सँग सम्बन्धितः बाल स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरणका साथै सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गरिनेछ ।**

५.८.१ प्रजनन स्वास्थ्य अधिकारलाई मुख्य आधार मानी प्रजनन स्वास्थ्य सेवालाई थप सुदृढ गरी प्रभावकारी बनाइनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

५.८.२ प्रदेशका सबै अस्पतालमा नवजात शिशु सघनउपचार सेवा विस्तार गर्दै अस्पताल र समुदायमा बाल स्वास्थ्य सेवालाई थप सुदृढ गरिनेछ ।

५.८.३ सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य क्षेत्रमा प्रदेशको आवश्यकता अनुरुप विद्यमान ऐन, नीति तथा रणनीतिलाई समयानुकूल विकास तथा परिमार्जन गरी लागू गरिनेछ ।

५.८.४ स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रत्येक विद्यालयमा कम्तीमा एक जना नर्सको व्यवस्था गरिनेछ ।

५.८.५ प्रत्येक स्थानीय तहमा सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन ग्रामीण अल्ट्रासाउण्ड सेवालाई क्रमिक रुपमा विस्तार गरिनेछ ।

५.८.६ प्रसूति केन्द्रबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन मिडवाईफ र कम्युनिटी नर्सको प्रावधानलाई विस्तार गरिनेछ ।

५.८.७ लैंगिक हिंसाबाट सृजित स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य सेवा प्रणालीको क्षमता सुदृढ गरी एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना, सञ्चालन र सुदृढीकरण गरिनेछ ।

५.८.८ लिंग पहिचानका आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गर्दै क्रमिक रुपमा सुरक्षित गर्भपतन सेवालाई निजी, सामुदायिक तथा गैरसरकारी निकायमा समेत विस्तार गरी थप प्रभावकारी बनाइनेछ ।

५.८.९ प्रत्येक स्वास्थ्य संस्थामा परिवार नियोजनका कम्तीमा ५ वटा अस्थायी साधन र आकस्मिक गर्भनिरोधक साधनको उपलब्धता सुनिश्चित गरी परिवार नियोजन कार्यक्रमलाई थप सुदृढ गरिनेछ।

<u>नीति ५.९ सँग सम्बन्धितः</u> **स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादन, प्रवर्द्धन, पहुँच र प्रयोगमा अभिवृद्धि गरी गुणस्तरीय पोषण सेवाको सुनिश्चितता गरिनेछ ।**

५.९.१ बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरुको पोषण अवस्था सुधारका लागि विद्यालय र समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धनका कार्यक्रम लागू गरिनेछ ।

५.९.२ पोषण सेवालाई थप सुदृढ गर्दै वहुक्षेत्रीय पोषण योजनालाई प्रदेश परिवेश अनुरुप परिमार्जित गरी लागू गरिनेछ ।

५.९.३ संघ तथा स्थानीय तहको समन्वयमा आवश्कता अनुरुप पोषण पुनर्स्थापना केन्द्र स्थापना, सुदृढीकरण र विस्तार गरिनेछ ।

५.९.४ स्वास्थ्य सेवा प्रवाहमा पोषण सेवालाई थप एकीकृत गर्दै गुणस्तरीय सेवा सुनिश्चितताका लागि हरेक जिल्ला र स्थानीय तहमा पोषण फोकल प्वाइन्टको व्यवस्था गरिनेछ ।

५.९.५ स्थानीयस्तरमा खाद्य पदार्थको गुणस्तरीय उत्पादन र वितरणलाई प्रवर्धन गर्न कृषि क्षेत्र लगायत अन्य सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

५.९.६ जनस्वास्थ्यमा असर गर्ने पत्रु खाना लगायतका खाद्य वस्तुको उत्पादन र उपभोगलाई निरुत्साहित गर्न जिल्लास्थित स्वास्थ्य कार्यालयहरु र सरोकारवालाहरुको समन्वयमा प्रभावकारी नियन्त्रण गरिनेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

<u>नीति ५.१० सँग सम्बन्धित:</u> **नसर्ने रोग न्यूनीकरण तथा नियन्त्रणका लागि स्वस्थ जीवनशैली प्रवर्द्धन गर्दै आवश्यक स्वास्थ्य सेवाको विकास र विस्तार गरिनेछ ।**

५.१०.१ प्रादेशिक तथा द्वितीय तहका अस्पतालमा मुख्य नसर्ने रोगको विशिष्टीकृत उपचारका लागि क्याथ ल्याब, डायलाइसीस, रेडियोथेरापी र किमोथेरापी जस्ता सेवाहरु क्रमिक रुपमा विस्तार गरिनेछ ।

५.१०.२ प्रादेशिक अस्पतालमा मानसिक स्वास्थ्य विभाग स्थापना गरिनेछ र द्वितीय तहका अस्पतालहरुमा विशेषज्ञ मानसिक स्वास्थ्यसेवा क्रमिकरुपमा विस्तार गरी प्रदेशमा नसर्ने रोगको रजिष्ट्री शुरुवात गरिनेछ ।

५.१०.३ सरकारी कार्यालयमा स्वस्थकर जीवनशैली प्रवर्द्धन गर्न योग, ध्यानलाई बढावा दिदै तनाव व्यवस्थापन तथा शारीरिक क्रियाकलापका लागि आवश्यक स्थान र उपकरणको व्यवस्था गरिनेछ।

५.१०.४ बहुक्षेत्रीय सहकार्यमा सुर्तीजन्य पदार्थ, मदिरा तथा लागु पदार्थको विक्री वितरण तथा प्रयोगलाई नियन्त्रण एवं नियमन गरिनेछ ।

५.१०.५ सिकलसेल एनेमिया तथा थालेसेमिया जस्ता आनुवंशिक रोगको रोकथाम र निःशुल्क उपचारको लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।

५.१०.६ ट्राफिक प्रहरी, यातायात कार्यालय लगायतका निकायसँगको समन्वयमा सडक दुर्घटना न्यूनीकरण गर्दै सोबाट हुने मानवीय क्षति न्यूनीकरणका लागि प्रि-अस्पताल केयरमा जोड दिई तत्कालै स्वास्थ्य सेवामा पहुँच पुर्याउन मुख्य स्थानहरुमा आवश्यक जनशक्ति, उपकरण र औषधि सहित द्रूत आपतकालीन स्वास्थ्य केन्द्र विकास गरिनेछ ।

५.१०.७ नसर्ने रोग सम्बन्धी अध्ययन, अनुसन्धान गरी सामुदायिक र संस्थागतस्तरमा गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवाको कार्ययोजना बनाई लागू गरिनेछ।

<u>नीति ५.११ सँग सम्बन्धित:</u> **संक्रामक, किटजन्य र जुनोटिक रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।**

५.११.१ प्रदेशमा सरुवा रोग नियन्त्रण तथा अनुसन्धान केन्द्र, सरुवा रोग अस्पताल र कीटजन्य रोग रोकथाम, नियन्त्रण र अनुसन्धानको लागि अनुसन्धान केन्द्र स्थापना गरिनेछ ।

५.११.२ स्थानीय तहसँगको समन्वय र सहकार्यमा सरुवा रोगको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण र निवारण सम्बन्धी कार्य गरिनेछ ।

५.११.३ विपद, महामारी र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापनका लागि द्रूत प्रतिकार्य समूहहरु गठन गरी आवश्यक क्षमता विकास गरिनेछ ।

५.११.४ प्रदेशभित्रका नाकामा भित्रिन सक्ने रोग नियन्त्रण गर्न अन्तरसीमा समन्वय, स्वास्थ्य जाँच केन्द्रहरु स्थापना गरी जनस्वास्थ्य निगरानीलाई थप सुदृढ गरिनेछ ।

५.११.५ सर्पदंशबाट स्वास्थ्यमा पर्ने असरको व्यवस्थापन गर्न आवश्यकता अनुसार उपचार केन्द्रहरुको स्थापना तथा सुदृढीकरण गरिनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

**<u>नीति ५.१२ सँग सम्बन्धित:</u> स्वास्थ्य क्षेत्रमा देखा पर्ने आपतकालिन अवस्था, विपद र महामारीको प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।**

५.१२.१ महामारीले स्वास्थ्य क्षेत्रमा पार्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न प्रादेशिक पूर्व एकीकृत तयारी र प्रतिकार्यको कार्ययोजना तयार गरिनेछ ।

५.१२.२ सम्भावित विपद तथा महामारीको अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि लगायतका स्वास्थ्य एवं पोषण सामग्री भण्डारणको व्यवस्था गरिनेछ ।

५.१२.३ प्रदेश तथा स्थानीय तहमा द्रूत प्रतिकार्य टोली तथा आकस्मिक चिकित्सकीय टोली, आकस्मिक मेडिकल परिचालन टोलीको गठन तथा क्षमता अभिवृद्धि गरिनेछ ।

५.१२.४ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रलाई प्रादेशिकस्तरको स्वास्थ्य संरचनाको इकाईको रुपमा विकास गरी द्रूत प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ ।

**<u>नीति ५.१३ सँग सम्बन्धित:</u> प्रभावकारी स्वास्थ्य शिक्षा र संचारको माध्यमबाट गलत सामाजिक अभ्यासलाई न्यूनीकरण गरी नागरिकको स्वस्थ आनिबानी र अभ्यासको प्रवर्द्धन गर्न उपयुक्त वातावरणको सुनिश्चितता गरिनेछ ।**

५.१३.१ स्वास्थ्यलाई असर पार्ने स्थानीय कुरीति, कुप्रथा र सोसँग सम्बन्धित निर्धारक तत्व पहिचान गर्न अध्ययन, अनुसन्धान गरिनेछ ।

५.१३.२ स्वास्थ्यमा प्रतिकूल असर पार्ने बालविवाह, छाउपडी, बोक्सी, दाईजो लगायतका सामाजिक अभ्यासलाई निरुत्साहित गर्न नीतिगत व्यवस्था गर्दै सामाजिक रूपान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.१३.३ नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि स्वास्थ्य प्रवर्द्धन रणनीति बनाई लागू गरिनेछ ।

१३.४ स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न सरोकारवाला र स्थानीय तहसँग समन्वय गरी एक शहर एक योग पार्कको योजना बनाई लागू गरिनेछ ।

५.१३.५ स्थानीय तहसँगको समन्वयमा न्यायिक समिति मार्फत छाउपडी प्रथाको न्यूनीकरण र महिलाको प्रजनन स्वास्थ्य लगायतका मानव अधिकार संरक्षण सम्बन्धमा उपयुक्त व्यवस्था मिलाईनेछ ।

५.१३.६ स्वास्थ्य प्रबर्द्धन हुने क्रियाकलापहरुलाई थप व्यवस्थित गर्न मौजुदा स्वास्थ्य संरचनामा इकाई स्थापना लगायत आवश्यक संरचना तयार गरिनेछ ।

**<u>नीति ५.१४ सँग सम्बन्धित:</u> अव्यवस्थित बसाई सराइ, शहरीकरण तथा प्रतिकूल वातावरणबाट मानव स्वास्थ्यमा पर्ने असरलाई व्यवस्थापन गरिनेछ ।**

५.१४.१ बसाई-सराइ, बढ्दो शहरीकरण तथा प्रतिकूल वातावरणबाट मानव स्वास्थ्यमा पर्ने असरका बारेमा अध्ययन अनुसन्धान गरिनेछ ।

५.१४.२ सम्बन्धित क्षेत्र र निकायसँग समन्वय गर्दै ध्वनि, वायु, खानेपानी र खाद्य पदार्थको गुणस्तर निगरानी र नियमनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ ।

५.१४.३ स्थानीय तहको समन्वयमा विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी, सरसफाई र फोहरमैला व्यवस्थापन सुनिश्चित गर्नका लागि मापदण्ड बनाई लागू गरिनेछ ।

५.१४.४ मानव, वातावरण र पशुपन्छी स्वास्थ्यको अन्तर सम्बन्धलाई सम्बोधन गर्न एक स्वास्थ्य नीतिको अवधारणालाई प्रवर्द्धन गरिनेछ ।

५.१४.५ जडिबुटी संकलन र पशुपालन व्यवसाय आदिको दौरानमा मौसमी बसाइ सराइ गरेर आउने र जाने समुदायको पहिचान गरी आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ ।

५.१४.६ वैदेशिक रोजगारमा जाने र फर्किने नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्यजाँच पड्ताल, परामर्श लगायतका सेवाको प्रवन्ध गरिनेछ ।

<u>नीति ५.१५ सँग सम्बन्धित:</u> **प्रदेशको अर्थतन्त्रलाई योगदान पुग्नेगरी स्वास्थ्य पर्यटनको विकास र प्रवर्द्धन गरिनेछ ।**

५.१५.१ प्रदेशमा स्वास्थ्य पर्यटनको सम्भावना, क्षेत्र र सेवा पहिचानका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

५.१५.२ प्रदेशभित्रका रणनैतिक स्थानमा देशभित्रका र देश बाहिरका सेवाग्राहीलाई लक्षित गरी निजी तथा गैर सरकारी क्षेत्रको सहकार्यमा सुविधायुक्त विशेष अस्पताल, सार्वजनिक स्थानहरुमा व्यायामशाला, प्राकृतिक चिकित्सा, ध्यान तथा योग केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

५.१५.३ प्रदेशमा बिशेषज्ञ र विशिष्टकृत सेवाप्रदान गरिरहेका अस्पतालको सेवालाई थप सुदृढ गर्दै स्वास्थ्य पर्यटनलाई टेवा पुर्याईनेछ ।

## ७. संस्थागत विकास तथा व्यवस्थापन

७.१ राज्यको पुनर्संरचनालाई मध्यनजर गर्दै संविधानले निर्दिष्ट गरेअनुसार प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यसँग सम्बन्धित संस्था र संरचनाको पुनरावलोकन तथा सुधार गरिनेछ।

७.२ स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विभिन्न कार्यहरुको संचालन र सेवा प्रवाहका लागि थप नियमनको व्यवस्था गर्दै प्रदेशदेखि स्थानीय तहसम्म आवश्यकता अनुसार वैज्ञानिक ढंगले संरचनागत सुधार र कर्मचारीको व्यस्थापन गरिनेछ ।

७.३ एकीकृत स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, योजना तर्जुमा र स्थानीय तहको प्राविधिक क्षमता अभिवृद्धिका लागि जिल्लामा स्वास्थ्य कार्यालयको संस्थागत क्षमता बढाईनेछ ।

७.४ अस्पताल व्यवस्थापन समितिलाई पुनरावलोकन गरी काम, कर्तव्य र अधिकारमा स्पष्टता ल्याई थप सक्षम र प्रभावकारी बनाईनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

७.५ विशेषज्ञ एवं विशिष्टीकृत अस्पतालमा अस्पताल व्यवस्थापनका लागि प्रमुख कार्यकारी अधिकृत पदको व्यवस्था गरिनेछ ।

७.६ प्रदेशस्तरमा जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य अनुसन्धान परिषद् लगायतका विभिन्न परिषद गठन गरी लागू गरिनेछ ।

७.७ स्वास्थ्य क्षेत्रका विद्यमान विषयगत नीतिलाई आवश्यकता अनुसार यस नीति अन्तर्गत विषयगत रणनीतिको रुपमा विकास गरिनेछ ।

७.८ नीति र रणनीति कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति वा संयन्त्र बनाईनेछ ।

७.९ प्रदेशको आवश्यकता अनुसार विद्यमान ऐन, नीति तथा रणनीतिलाई समयानुकूल परिमार्जन गरी लागू गरिनेछ ।

७.१० स्वास्थ्य संस्था व्यवस्थापनका लागि सरकारी र निजी साझेदारीमा सेवा तथा संस्थाहरुको व्यवस्थापन गरिनेछ ।

## ८. वित्तीय स्रोत

यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय स्रोत देहाय बमोजिम हुनेछ :-

८.१ संघ, प्रदेश र स्थानीय तहबाट विनियोजित सरकारी स्रोत,

८.२ निजी र गैरसरकारी क्षेत्रबाट गरिने लगानी,

८.३ द्विपक्षीय र संयुक्त राष्ट्रसंघीय निकायबाट उपलब्ध स्रोत,

८.४ स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि क्रमिकरुपमा लगानी वृद्धि गर्दै कूल बजेटको कम्तीमा १० प्रतिशत बजेट प्रदेश र स्थानीय तहले स्वास्थ्य क्षेत्रमा विनियोजन गर्ने ।

## ९. अनुगमन तथा मूल्याङ्कन

९.१ प्रदेशभित्र सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरुको नियमित र प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्न सरकारी, गैर सरकारी, निजी र मिडियासँगको सहकार्यमा संयन्त्रको विकास गरी कार्यान्वयन गरिनेछ। अनुगमन तथा मूल्याङ्कन संयन्त्रमा निम्न बमोजिम पदाधिकारी रहनेछन:-

(क) सचिव, स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय- संयोजक

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय- सदस्य

(ग) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-सदस्य

(घ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय- सदस्य

(ङ) प्रमुख, योजना तथा जन स्वास्थ्य महाशाखा, स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय- सदस्य

(च) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय- सदस्य

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(छ) प्रतिनिधि, स्वास्थ्य सम्बन्धी विकास साझेदार संस्था-सदस्य

(ज) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश-सदस्य

(झ) प्रतिनिधि, निजी अस्पताल संघ, सुदूरपश्चिम प्रदेश-सदस्य

९.२ स्वास्थ्य सूचना प्रणालीलाई समायानुकूल प्रविधिमैत्री बनाई अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सहज र सुदृढ पारिनेछ ।

## १०. जोखिम :

सङ्घीय संरचनामा स्वास्थ्यका पूर्वाधारको विकास, संगठनात्मक विकेन्द्रीकरण तथा परिमार्जन र जनशक्ति व्यवस्थापनमा हुनसक्ने जटिलताले स्वास्थ्य सेवा प्रभावित हुने सम्भावना देखिन्छ। विभिन्न महामारी, प्राकृतिक प्रकोप लगायतका कारणले यो नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहन्छ। आवश्यकताअनुसार आर्थिक स्रोतको उपलब्धता तथा परिचालन हुन नसकेमा नीति कार्यान्वयन हुन नसक्ने जोखिम रहने देखिन्छ ।

## ११. नीति कार्यान्वयन र परिमार्जन :

प्रादेशिक स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत कार्ययोजना बनाई लागू गरिनेछ । यो नीतिको कार्यान्वयनको अवस्था हेरी आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।